# बागमती गाउँपालिका

བྲག་མ་ཏི་ གྲོང་པ་ལི་ཀ

गाउँ कार्यपालिकाको कार्यालय

भट्टेडाँडा, ललितपुर

बागमती प्रदेश, नेपाल

## प्रेष विज्ञप्ति

बागमती गाउँपालिका अन्तर्गत विषयगत शाखा/ इकाई/ केन्द्र कार्यक्रम एवं सबै वडा कार्यालयहरुबाट चालु आ.व. २०८१/०८२ को २०८२ जेष्ठ अन्तिम सातासम्म भएका विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा मिति २०८२/०२/२९ गते शुक्रबार गाउँ कार्यपालिकाको कार्यालय प्राङ्गण छपेलीमा गाउँपालिकाको आयोजना र हेल्पिङ ह्याण्डस कन्सलटेन्सि एण्ड रिसोर्स सेन्टर प्रा.लि., भक्तपुरको सहजीकरणमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । गाउँपालिका अध्यक्ष श्री विर बहादुर लोप्चनज्यूको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु, स्थानीय नागरिक, गाउँ कार्यपालिका र मातहतको निकायमा कार्यरत कर्मचारीहरु, विकास साझेदार संस्थाका प्रतिनिधिहरु, पत्रकार एवम् सुरक्षाकर्मीहरुको उपस्थिति रहेको थियो । करिब तीन घण्टा सञ्चालित सार्वजनिक सुनुवाईमा उपस्थित सम्पूर्णलाई गाउँपालिकाको तर्फबाट गाउँपालिका उपाध्यक्ष भक्त बहादुर दर्लामी मगरज्यूले स्वागत मन्तव्य सहित स्वागत गर्नु भएको थियो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण थापाले चालु आ.व. २०८१/०८२ को २०८२ जेष्ठ अन्तिम सातासम्म भएको वित्तिय एवम् भौतिक प्रगति लगायत कार्यालयको कर्मचारी व्यवस्थापन र कार्यालयबाट सम्पादित कार्यहरुको विवरणहरु प्रस्तुत गर्नु भएको थियो । यस लगतै परामर्शदाताबाट गाउँपालिकाको सार्वजनिक जवाफदेहित प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-२० बमोजिम संकलित बहिर्गमन अभिमतको नतिजा प्रस्तुत भइ सहभागीहरु माझ गाउँपालिका प्रति भएका गुनासो, जिज्ञासा, समस्या, सल्लाहा सुझावका लागि सवालजवाफ सत्र सञ्चालन भयो ।कार्यक्रममा सहभागीहरुको तर्फबाट उठान भएका गुनासो, जिज्ञासा, समस्याहरुको सम्बन्धमा सम्बन्धित कर्मचारी, प्रमुख प्रशासकीय अधिकृत एवम् जनप्रतिनिधिहरुबाट सम्बोधन भयो । साथै प्राप्त सुझावहरुलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने प्रतिवद्धता जाहेर भयो । गाउँपालिकाले सार्वजनिक सुनुवाई मार्फत नागरिक प्रतिको जवाफदेहीता, पारदर्शीता प्रवर्द्धन गरी सुशासन कायम गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि जनताप्रति उत्तरदायि रही गाउँपालिकाले यसै गरी कार्य सम्पादन गर्दै जाने अपेक्षा गर्दै सफल कार्यकालको शुभकामना सहितको प्रमुख अतिथिको मन्तव्य पश्चात गाउँपालिका अध्यक्षबाट कार्यक्रममा सहभागीहरुबाट उठेका गुनासो, जिज्ञासा, समस्या, सल्लाहा सुझावहरुको सम्बोधन गरि उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन सहित सार्वजनिक कार्यक्रम समापन भएको थियो ।

मिति : २०८२/०३/०१

प्र. बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत